# किरण दास (धनुषा)

### समाज सेवा फाउण्डेशन (सदस्य)



सबैजनालाई नमस्कार। मेरो नाम किरण दास हो। मेरो जन्म २०४२ सालमा भएको हो। मेरो घर धनुषा जिल्ला जनकपुर उप महानगरापिकामा पर्दछ। मैले कक्षा १२ सम्म अध्ययन गरेको छु शिक्षा शत्र संकायमा। मेरो पारिवारीक पृष्ठभुमी भन्नुपर्दा मेरो परिवारको आर्थिक अवस्था अत्यन्तै गरिब रहेको थियो। मेरो बुवा सामान्य ज्याला दारीमा काम गर्नु हुन्थ्यो। मेरो ममी मिथिला आटमा काम गर्नु हुन्थ्यो। सामान्य ज्यलामा मेरो घर परिवार चलेको थियो। मैले मेरो जिवनमा धेरै अभावको भोगाईहरु भोगेको छु। जुन भोगाईले मालाई याहाँ सम्म आउन सहयोग पुर्‍याएको छ।

म एक मधेशी दलित समुदायको दास जातिमा पर्दछु। हाम्रो समाजमा जातियताको आधारमा सदियौ देखिको विभेद भोग्नु पर्ने बाध्यता रहेको थियो। गाँउ समाजमा हामिलाई पानि नचल्ने अछुत जातको रुपमा परिभाषित गरिन्थ्यो भने हामिलाई सोहि अनुसार व्यवहार पनि गरिन्थ्यो। हामी मानव भएर जन्मीएपनी समाजका त्यस्तो मानवको जस्तो व्यवहार नगरिने हुँदा मलाई सारै नराम्रो लाग्दथियो। मेरो ममि मिथीला आर्टमा काम गर्ने हुँदा उहाँले छोरिलाई पढाउनु लेखाउनु पर्दछ भन्ने मान्यता रहेको थियो र ममिले मलाई दुख गरेर भए पनि १२ कक्षा सम्म पढाउनु भयो।

पढाईको क्रममा मैले विद्यालयबाट भने कहिल्यौ विभेद सहनु परेको थिएन। आर्थिक अवस्था कम्जोर भएको कारणले गर्दा म मेरो परिवारलाई सहयोग हुन्छ भन्ने उद्देश्यले कहिलेकाँहि ज्याला दारिमा काम

गर्नको लागि पनि ठुलो जातिको खेत बारिमा काम गर्न जाने गर्दथे। काम गर्न जाने क्रममा मैले खाजाखाने क्रममा धेरै विभेदका घटनाहरु भोगेको छु। पर बसेर खानु पर्ने, ठुला जातिका मानिस हरुलाई छुन नहुने जस्ता विभेदहरुको भोगाई म मा छ। मेरो विवाह २०५९ सालमा भएको थियो जुन बेला मेरो उमेर १५ बर्षको थियो। सानै उमेरमा छोरिको बिवाह गरिदिने प्रचलनको कारणले गर्दा मेरो पनि बाल बिवाह भएको हो। बिवाह पश्चात मैले मेरो सासु, ससुरा र श्रीमान राम्रो पाँएको हुँदा मलाई घर परिवारमा मात्र सिमित हुन परेको थिएन। गाँउमा महिला सम्बन्धि कार्यक्रम भएमा मलाई दलित समुदायको प्रतिनिधि को रुपमा म पढेलेखेको भएको कारणले गर्दा बोलाउनु हुन्थ्यो। पढेलेखेको भएर यतिकै बस्न मन लागेन जागिरको लागि अवसरहरु पनि केहि पाएको थिइन त्यसैले सिलाई कटाईको तालिम लिए र सिलाउन पनि थाले।

सिलाई कटाई गर्दा सोचेको जस्तो आम्दानी हुन नसकेको कारणले गर्दा पढाई लेखाईको काम केहि पाए गर्दथे भन्ने सोच आयो त्यसैक्रममा समग्र विकास केन्द नामको संस्थामा सामाजिक परिचालिकाको विज्ञापन खुलेको थियो। त्यो विज्ञापनमा मैले पनि आवेदन दिए र अन्तरवार्तामा सहभागी भए पश्चात मेरो नाम आयो म धेरै खुसी भए। त्यस कार्यक्रम अन्तरगत मेरो भुमिका भनेको गाँउ गाँउमा महिला तथा दलित महिलाहरुको लागि समुह बनाएर बचत गर्ने वानिको विकास गर्नको लागि उनिहरुलाई सम्झाउने र बचत गर्ने थियो। उहाँहरुलाई प्रजजन् स्वास्थ्यको बारेमा पनि कार्यक्रम रेडियो वजाएर सुनाउने गर्द थियौँ जनचेतनाको लागि।

जव म गाँउ गाँउमा समुहरुमा जान्थे त्याहाको महिलाको अवस्था देखेर सारै नराम्रो महसुस हुन्थ्यो महिला भित्र पनि दलित महिलाको अवस्था त सारै दयनिय नै थियो। त्यसै क्रममा मैले दलित महिला र समग्र महिलाहरुको समस्यालाई नजिकै बाट बुझे। पछि मैले विद्यालयमा बाल शिक्षा पढाउने अवसर पनि पाँए त्यतिखेरको समयमा मैले विद्यालयबाट त विभेद भोग्नु परेन तर समाजमा मलाई भन्ने गर्दथे त्यो तक्मा आफु जान्ने सुन्ने भएको छे त्यस्ले हाम्रो बच्चाहरुलाई पढाउन के सक्छे र भन्ने गर्दथे त्यतिखेर मलाई विद्यालयले निजि स्रोत बाट राखेको थियो।

मैले त्यस विद्यालयमा चार बर्ष पढाउने अवसर पाँए तर पछि जव दरवन्दि आयो त्यसपछि मलाई त्याहा पढाउन दिईएन शक्ति र पैसाको बलमा आफ्नो मान्छेलाई राखियो मेरो त भनसुन गर्ने कोहि पनि थिएनन्। त्यसैले मेरो जागिर छुट्यो। पछि म राजनिति तर्फपनि विस्तारै आवद्ध भए राजनीतिक दलको नेताहरु दलित महिला प्रतिनिधि चाहिने हुदाँ मलाई बोलाउने गर्दथे त्यस पश्चात मैले विस्तारै राजनिति पनि गर्न

जाने । अवसर स्वरुप मलाई दलित महिला प्रतिनिधिको रुपमा स्थानिय तहको निर्वाचनमा मैले वडा सदस्यको टिकट त पाँए तर म असफल भए। त्यो संगै मैले मेरो समुदाएको लागि केहि गर्नु पर्दछ भन्ने सोचे र एउटा कृषि समुह पनि दर्ता गरे समुह दर्ता गराउदा आफ्नो समुदायको कोहि पनि पढेलेखेको पाईन त्यसैले गैर दलित समुदायको व्यक्तिहरुलाई समाबेस गराएर समुह दर्ता गराए र काम गर्न थाले।

त्यस पश्चात अजिता पासवान र हाम्रो कुरा भयो दलित महिलाको संस्था खोल्नको लागि र हामि सबै मिलेर यो संस्थाको दर्ता गरियो। तर हाल यो संस्थालाई कुनै सहयोग कतैबाट न आएको हुदा सारै समस्या भैरहेको छ। हामिले सोचेको जस्तो कार्य गर्न सकिएको छौन। धन्यवाद ।

LOOM